स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विश्वमै नाम चलेका सेलिब्रेटीहरुले आत्महत्याको बाटो रोजिरहेका छन् । बिहीबार नेपाली फिल्मका अभिनेता सारुक ताम्राकार घरमै झुण्डिएको अवस्थामा भेटिएपछि कलाकारहरुको मानसिक स्वास्थ्यको बारेमा बहस सुरु हुन थालेको छ । अभिनेत्री केकी अधिकारीले फिल्म निर्माणको समयमा कलाकार तथा प्राविधिकहरूका लागि मानसिक स्वास्थ्य परामर्श विभाग राख्न जरुरी भैसकेको धारणा राखेकी छन् । फिल्मको बजेट बनाउदा समेत यो कुरामा ध्यान दिन आवश्यक भएको उनको भनाई छ ।

**आजको विचार...**



पुरुषोत्तम ओझा

योजना...
*(दुई पेजमा)*



आफ्ना अभिव्यक्तिका कारण अक्सर विवादमा आउने गरेकी अभिनेत्री तथा एलिजा फाउन्डेसनकी प्रमुख एलिजा गौतमले सक्रिय राजनीतिबाट विदा लिने घोषणा गरेकी छन् । गत माघमा नागरिक उन्मुक्ति पार्टी प्रवेश गरेकी उनले फेसबुकमा एक पोस्टमार्फत् राजनीतिबाट विदा लिएको जानकारी गराएकी हुन् । उनले अब समाज सेवालाई निरन्तरता दिने उल्लेख गरेकी छन् । धरान उपमहानगरका मेयर हर्क साम्पाङको वृक्षारोपण अभियानमा सघाउँदै गर्दाको तस्बिरहरु सेअर गर्दै उनले राजनीतिबाट विश्राम लिएको पनि पोष्टमार्फत घोषणा गरेकी हुन् ।

❒ वर्ष २८ ❒ अंक ३४० ❒ २०८० असार २३ गते शनिबार 8 July 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### २७ प्रतिशत रोपाइँ

**पाल्पा,** असार २२/ असार महिना सकिन लाग्दा बल्ल २७ प्रतिशत रोपाइँ भएको छ । देशभर हालसम्म करिब २७ प्रतिशत धान रोपाइँ भएको हो ।

विशेषगरी मधेस प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा मनसुन सुरु हुन ढिलो भएका कारण रोपाइँमा कमी भएको छ । गत वर्ष असार २१ गतेसम्म करिब ४० प्रतिशत रोपाइँ भएकोमा थियो । यसवर्ष करिब १३ प्रतिशत कम रोपाइँ भएको कृषि तथा पशुपक्षी मन्त्रालयले जनाएको छ ।

### मायादेवी मन्दिर जीर्णोद्धार हुँदै

**लुम्बिनी,** असार २२/गौतम बुद्ध जन्मस्थल लुम्बिनीमा रहेको मायादेवी मन्दिरको मर्मतसम्भार गरी जीर्णोद्धार गर्न थालिएको छ । थाइल्यान्डको थाई फुङ थाई फाउन्डेसनको सहयोगमा हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्स प्रालिले जीर्णोद्धार काम थालेको हो । पुरातात्विक मूल्यमान्यताका आधारमा मर्मत सम्भार गरिने लुम्बिनी विकास कोषले जनाएको छ । विश्व सम्पदास्थलमा सूचीकृत मायादेवी मन्दिर जीर्ण बनेर पानी चुहिँदै आएपछि समस्या भइरहेको थियो । यसले पुरातात्कि वस्तु क्षयीकरणको चिन्ता बढाएको थियो ।

# पाल्पामा एसईई नतिजाको उत्साह

## जिल्ला प्रथममा विद्यालयहरुको आ-आफ्नै दावी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २२/यस वर्षको एसईई परीक्षाको नतिजा विहीबार प्रकाशित भएको छ । परीक्षाफल प्रकाशन भएसँगै राम्रो नतिजा लिएका विद्यार्थी र विद्यालयहरु उत्साहित भएका छन् भने विगतको तुलनामा कम नतिजा ल्याएका विद्यार्थी र विद्यालयहरु निराश छन् ।

पाल्पामा पनि यस्तै अवस्था छ । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र विद्यालयहरुले र्‍यालीसहित उत्साह मनाएका छन् । केही विद्यालयहरुको नतिजा भने विगतको भन्दा सन्तोषजनक नरहेको पाइन्छ । केही विद्यालयको नतिजा सन्तोषजनक नरहे पनि अधिकासंको नतिजा भने राम्रै रहेको छ । समग्रमा हेर्दा यस वर्ष पाल्पाको नतिजा उत्साहजन नै रहेको राष्ट्रिय परीक्षा बोर्डले प्रकाशित गरेको नतिजामा देख्न सकिन्छ । यस पटक यहाँका सामुदायिक विद्यालयहरुको नतिजा अब्बल देखिएको शिक्षा विकास तथा समन्वय पाल्पाले जनाएको छ । पाल्पाले यसपटक चार जीपीए समेत ल्याउन सफल भएको छ । विगतमा यहाँ कुनै पनि विद्यालयका विद्यार्थीले चार जीपीए ल्याउन सकेका थिएनन् । यस पटक भने नीजि विद्यालयका एक विद्यार्थीले



ल्याएका छन् । पाल्पा पोलस्टार सेकेण्डरी स्कुलका एक विद्यार्थीले चार जीपीए ल्याएका हुन् । चार जीपीए सहित १ सय ९ जनाले प्लस ए ल्याएका छन् । यसले पनि जिल्लाको नतिजा विगतको तुलनामा सुधार उन्मुख र उत्साहजन देखिन्छ । नीजि विद्यालयका एक जनाले चार जीपीए ल्याए पनि समग्रमा सामुदायिक विद्यालयको नतिजा राम्रो रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख महेन्द्र सुवेदीले बताए । नतिजा आएसँगै शुक्रबार जिल्लाका केही सामुदायिक विद्यालयहरुले भने उत्साह मनाएका छन् । यहाँका जनता मावि (जेभिटी) र देववाणी संस्कृत तथा साधारण माविले बाजा गाजासहित तानसेन नगर परिक्रमा गरेका थिए । उनीहरुले जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै उत्साजनक र्‍याली निकालेका हुन् । र्‍यालीमा विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरुले एक आपसमा खुसी साटसाट गरेका थिए । जनता माविले सामुदायिक विद्यालयको छात्रतर्फ जिल्ला प्रथम हुनुको साथै उत्कृष्ट अंक सहित धेरै विद्यार्थी उर्त्तीण गराउन सफल भएको बताएको छ । विद्यालयका शिक्षक रामप्रसाद ढकालले सामुदायिक विद्यालयको छात्रतर्फ ३.९० जीपीए ल्याएर भुवन लम्साल जिल्ला प्रथम भएको बताए । उनका अनुसार विद्यालयका १८ जना विद्यार्थीले ३.६ भन्दा बढी जीपीए ल्याएका छन् । यहाँ गत वर्ष १० जनाले ३.६ भन्दा बढी जीपीए ल्याएका थिए । उता देववाणी संस्कृत तथा साधारण माविले पनि सामुदायिक विद्यालयको छात्रातर्फ जिल्ला प्रथम भएको बताएको छ । उसले विद्यार्थी ममता भट्टराईले ३.९० जीपीए ल्याएर जिल्ला प्रथम भएको बताएको छ । यहाँका ८ जना विद्यार्थीले ए प्लस ल्याएको विद्यालयले जनाएको छ । जिल्लाका सबै विद्यालयको नतिजा रुजु नभए पनि विद्यालयहरुले भने आ-आफ्नै तरिकाले जिल्ला प्रथम भएको दावी गर्दै आएका छन् । सबैको नतिजा रुजु नभएसम्म जिल्ला प्रथम, दोस्रो भन्न नमिल्ने शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख महेन्द्र सुवेदीले बताए । उनले भने,'विद्यालयहरुले आफ्नै किसिमले दावी गर्दै आए पनि हामी चाहि सबै नतिजा रुजु गरेर मात्र आधिकारीक रुपमा भन्न सक्छौं, त्यसका लागि कम्तीमा एक हप्ता समय लाग्छ ।' उनले विगतका तुलनामा पाल्पाको नतिजा सन्तोषजनक रहेको भने बताए । उनका अनुसार पाल्पाबाट एक जनाले चार जीपीए ल्याएका छन् भने १ सय ९ जना विद्यार्थीले ३.६ देखी माथी जीपीएका साथ ए प्लस ल्याएका छन् । २ सय २५ जना विद्यार्थीले ३.२ देखी ३.६ सम्म जीपीए ल्याई ए ल्याएका छन् । यस्तै ४ सय ७५ जनाले २.८ देखी ३.२ सम्म जीपीए ल्याई वि प्लस, ७ सय ४३ जनाले २.४ देखी २.८ सम्म जीपीएका साथ वि, १ हजार २३ जनाले २ देखी २.४ जीपीए ल्याइ सि प्लस ल्याएका छन् । यस्तै १ हजार १ सय ९९ जनाले १.६ देखी २ जीपीएका साथ सि, ५ सय ६१ जनाले १.२ देखी १.६ सम्म जीपीएका साथ डि प्लस र ४९ जनाले ०.८ देखी १.६ जीपीएका साथ डि अंक ल्याएका छन् । एसइई २०७८ मा ५२ जनाले ए प्लस, २ सय ५२ जनाले ए, ५ सय ८ जनाले वि प्लस, ७ सय ८२ जनाले वि, १ हजार ३ सय ८१ जनाले सि प्लस, १ हजार २ सय ५१ जनाले सि, ४ सय १३ जनाले डि प्लस, र १ सय २२ जनाले डि नतिजा ल्याएका थिए । एसईई २०७७ मा ४९ जनाले ४ जीपीए, ५ सय ५७ जनाले ३.६ देखी ४ जिपीए, ८ सय ७१ जनाले ३.२ देखी ३.६ जीपीए, १ हजार ३ सय १४ जनाले २.८ देखी ३.२ जीपीए,१ हजार ५ सय ५५ जनाले २.४ देखी २.८ जीपीए, ५ सय ५९ जनाले २.० देखी २.४ जीपीए र २८ जनाले १.६ देखी २ जीपीए प्राप्त गरेका थिए । २०७७ मा कोरोना सक्रमणको कारण विद्यालयले नै कक्षा १० को आधारमा विद्यार्थीको नतिजा राष्ट्रिय परिक्षा बोर्डमा पठाएका थिए । पाल्पामा यस बर्ष ४ हजार ४ सय २५ जनाले परीक्षाको फारम भरे पनि ४९ जना अनुपस्थित रहेका थिए ।

# पाल्पामा सुरू भयो सवारी चालक अनुमति पत्रको परीक्षा



**कृष्ण पोखरेल**

**पाल्पा,** असार २२/यातायात व्यवस्था सेवा कार्यालय तानसेन पाल्पाले दुई पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमति पत्रको परीक्षा लिन सुरु गरेको छ । यातायात व्यवस्था सेवा कार्यालय पालपाले शुक्रबार पहिलो पटक मोटरसाइकल तर्फ वर्ग (ए) र स्कुटरतर्फ वर्ग (के) को नयाँ लाइसेन्स जारी गर्न लिखित परीक्षा लिएको हो ।

लिखित परीक्षामा २ सय जना परिक्षार्थीहरु सहभागी भएका छन् । परीक्षार्थीले लिखित परीक्षामा ६० अंक ल्याएमा पास हुने व्यबस्था रहेको छ । लिखित परीक्षामा पास मंगलबारबाट प्राटिक्कल (ट्रायल) परिक्षा शुरु हुने सेवा कार्यालय पाल्पाका प्रमुख केशव सुनारले बताए । पाल्पाको यातायात सेवा कार्यालयमा सवारी चालक अनुमति पत्रको लागि देशभरका जुनसुकै स्थानका व्यक्तिहरुले मोबाईल कम्प्युटरबाट सजिलै आवेदन दिन सक्ने सुविधा रहेको कार्यालय प्रमुख सुनारले बताए । यातायात कार्यालय बुटवलमा मात्र अत्याधिक भिडभाड बढेपछि लुम्बिनी प्रदेश यातायात व्यवस्था विभागले पाल्पामा पनि दुई पाङ्ग्रे सवारी साधनको परीक्षाको लागि व्यवस्था मिलाएको हो ।

*(...बाँकी अन्तिम पेजमा)*

# तानसेनमा विपद् व्यवस्थापन अभ्यास

**भरत शर्मा**

**पाल्पा,** असार २२/जिल्लाको तानसेनमा विपद् व्यवस्थापन सम्बन्धी कृत्रिम अभ्यास प्रदर्शन गरिएको छ । अहिले बर्खाको समयमा बाढी, पहिरो, सडक दुर्घटना जस्ता विपद्का घटना बढी हुने भएकाले विपद् व्यवस्थापन सम्बन्धी सन्देशमूलक अभ्यास प्रदर्शनी गरिएको हो ।

प्राकृतिक र मानव सिर्जित बाढी पहिरो, आगलागी, सडक दुर्घटना जस्ता विपद्का घटना कसरी हुन्छ ? यसबाट कसरी बच्न सकिन्छ ? समयमा कसरी व्यवस्थापन गर्ने र राहत उद्धार गर्ने जस्ता विषयमा अभ्यास गरिएको थियो । जिल्ला विपद् व्यवस्थापन समितिको संयोजकत्व, दि फेमस महिन्द्र दल गणको अगुवाइ नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाईटी पाल्पा, पाल्पा अस्पताल, स्थानीय तह विपद् व्यवस्थापन सेलको सहकार्यमा विपद् व्यवस्थापन सम्बन्धी ५ दिने एकिकृत 'हातेमालो अभ्यास' गरिएको



हो । असार १८ गतेदेखि तानसेन नगरपालिका- ३ तानसेन-तम्घास सडक क्षेत्रको अप्पु भिलेजस्थित वनदेवी क्षेत्रमा अभ्यास प्रदर्शन गरिएको थियो । वर्षा, पहिरो, सडक दुर्घटनाका कारण घाइते भएका, पुरिएका, भिर खोच तथा मानिसहरु सजिलै जान नसक्ने अवस्थामा घाइतेको सुरक्षित तरिकाबाट उद्दार गर्ने उद्देश्यले सुरक्षाकर्मी, रेडक्रसकर्मी तथा स्वास्थ्यकर्मीले पूर्व अभ्यास गरेका हुन् । उक्त क्षेत्रमा सर्वसाधारण तथा यात्रुहरु के नै भए छ भनि हेर्न पुग्नेको भिडभाड बढेको थियो । मानिसहरुले निकै चाख दिएर सेना, प्रहरीले गरेका गतिविधी अवलोकन गरेका थिए ।

त्यहाँ भिर तथा खोचमा फसेका घाइते व्यक्तिहरुलाई व्यवस्थित तरिकाबाट डोरी/रसीको माध्यमबाट उद्दार गरिएको थियो । भिरमा फसेका व्यक्तिहरुलाई डोरीको माध्यमबाट नेपाली सेनाका जवानहरुले उद्दार गरी प्राथमिक उपचारसहित अस्पतालमा पुर्‍याएका थिए । विपद् प्रदर्शनमीमा उच्च पहाडी क्षेत्रको खोच तथा अग्ला पहाडमा फसेका व्यक्तिहरुलाई निश्चित भू-भाग वा रुख, पक्की चट्टानमा बलियो रसी वा डोरी बाधेर फसेका व्यक्तिहरुलाई उद्दार गरिएको थियो । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## एसईई नतिजाको सन्देश

**माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा बिहीबार प्रकाशित भएको छ । परीक्षा भएको झण्डै ३ महिनापछि नतिजा प्रकाशित भएको हो । स्तरीकृत अंक (जीपीए)को हिसाबमा विगतको भन्दा नतिजा सुधार देखिन्छ । २२ हजार ४ सय ७५ जना विद्यार्थीले सर्वोत्तम अर्थात् ३.६० देखि ४.० जीपीए ल्याउन सफल भएका छन् । कुल ४ लाख ८४ हजार ९ सय ९३ जना विद्यार्थीमध्ये ४.६३ प्रतिशतले उक्त जीपीए ल्याए । जबकि गत वर्ष कुल मध्ये १.९४ प्रतिशतले उक्त जीपीए ल्याउन सफल भएका थिए । तुलनात्मक रुपमा पनि नतिजा सुधार भएको हो । ३.२ देखि ३.६ जिपिए ल्याउने विद्यार्थीहरु भने ५५ हजारभन्दा बढी छन्, जुन ११.३६ प्रतिशत हुन आउँछ । २.८ देखि ३.२ जिपिए ल्याउने ७२ हजार बढी र २.४ देखि २.८ जिपिए ल्याउनेको संख्या ८९ हजार बढी छ । २ देखि २.४ जिपिए ल्याउनेहरुको संख्या सबैभन्दा धेरै छ । नतिजा पुरानो निर्देशिका (२०७२) अनुसार नै आएको छ । सरकारले धेरै विद्यार्थी ननग्रेडिङमा पर्ने भयले पुरानै निर्देशिका अनुसार नतिजा प्रकाशन गरेको हो । उक्त निर्देशिकाले न्यून ग्रेड ल्याएका विद्यार्थीलाई पनि कक्षा ११ मा भर्ना हुन ढोका खुल्छ ।**

**गत वर्ष कक्षा १२ को नतिजा नयाँ निर्देशिका अनुसार प्रकाशन गर्दा करिब ५० प्रतिशत विद्यार्थी स्नातक तहमा भर्नाका लागि अयोग्य भएका थिए । नयाँ निर्देशिकामा सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए ननग्रेडिङमा पर्ने प्रावधान छ । पुरानो निर्देशिकामा भने दुवैतर्फको नम्बर जोडेर एकमुष्ट राख्ने व्यवस्था छ । प्रयोगात्मक अंक नदिएकै कारण गणितमा सबैभन्दा धेरै विद्यार्थीको न्यून ग्रेड आएको पाइन्छ तर स्वास्थ्य/जनसंख्या पछि 'ए प्लस' ग्रेड ल्याउने विद्यार्थी गणितमा नै धेरै छन् । अहिलेको अवस्थामा २५ पूर्णाङ्कको प्रयोगात्मक नम्बर पाउने विषयतर्फ सबैभन्दा बढी विज्ञानमा न्यून ग्रेड प्राप्त विद्यार्थी छन् । यसको अर्थ प्रयोगात्मकमा धेरै अंक पाउँदा पनि विज्ञानको लिखित परीक्षामा भने विद्यार्थी कमजोर देखिन्छन् । परीक्षा प्रणाली विगतका तुलनामा सरल बन्दै गएको छ । यद्यपि त्यसमा कतिपय कमजोरीहरु भने छन् । ग्रेडिङ पद्धतिमा गएपछि परीक्षाको महत्वसमेत कम भएको छ । यो सोचनीय छ । परीक्षा दिएका सबैजसोलाई कमजोर नै रहे पनि उत्तीर्णको गराइनुले विद्यार्थीले गर्ने मेहनतमा समेत कमी आउने गरेको छ । एसईई विगतको जस्तो 'आइरन गेट'को रुपमा समेत नरहेको प्रस्टै छ । त्यसैले पछिल्ला एसईईका नतिजाले समेत विद्यार्थीहरुले मेहनत त्यति धेरै गर्न छोडेका छन् । यसर्थ जुनसुकै परीक्षाहरु प्रतिस्पर्धात्मक हुनुपर्छ, त्यसलाई त्यहीअनुरुप सुदृढ र परिपक्व बनाउनुपर्छ भन्ने सन्देश एसईईको नतिजाले दिन्छ ।**

## Opinion @ Social Network

एका चोटी सम्बन्ध टुटेपछि आश नगरे हुन्छ फेरि उस्तै हुन्छ भनेर
किनकी चिहानलाई जति श्रृगार गरेपनि मरेको लास फर्कदैन त्यहाँबाट ।

*(कमला गोदारको फेसबुकबाट https://www.facebook.com/Kamala.godar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# योजना तर्जुमामा अग्रगमन: सच्याउने कहाँ ?



**पुरुषोत्तम ओझा**

प्रसिद्ध अमेरिकी राष्ट्रपति ड्वाईट आईजनहावरले कुनै वेला भनेका थिए- 'योजना आफैंमा केही होइन तर योजना तर्जुमा गर्ने काम सबैथोक हो ।' विद्यमान स्थितिको सही चित्रण र भविष्यमा आउन सक्ने परिस्थिति र समस्याको आकलन सहित हासिल गर्नुपर्ने उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरूको पूर्व अनुमानको विषयलाई योजनाको रूपमा बुझ्न सकिन्छ । योजना बनाउने विषय सूक्ष्म तहमा कुनै खास संगठनको तहमा वा बृहत् रूपमा राज्यले मुलुकको आर्थिक तथा सामाजिक विकासको लागि गरिने प्रयत्नको रूपमा पनि लिन सकिन्छ । संगठनको तहमा कार्यकारी प्रमुख र उसँग रहेका समूहले साझेदार निकायसँगको सहकार्यमा योजना तर्जुमा गर्दछ भने जनउत्तरदायी सरकारले मुलुकको मूल कानुनले निर्देशित गरे अनुसारको सिमाना भित्र रही मुलुकभित्रको र बाहिरको समेत स्रोत-साधनको परिचालन गर्ने गरी आर्थिक तथा सामाजिक उत्थानका लागि बृहत् योजना बनाउने कार्य गर्दछ । संगठनको बृहत् उद्देश्य हासिल गर्न योजनाले मौजुदा स्थिति र भविष्यमा हासिल गर्न खोजिएको अवस्थाको बीचमा पुलको काम गर्दछ । निर्धारित उद्देश्य हासिल गर्नका लागि उपलब्ध भौतिक तथा वित्तीय स्रोतसाधन र जनशक्तिको उचित परिचालनको खाका बारे स्पष्ट गर्न र प्रस्तावित कामलाई व्यवस्थित रूपमा हासिल गर्नका लागि पनि योजना तर्जुमाको आवश्यकता पर्दछ ।

नेपालमा योजनाबद्ध विकासको सुरु भएको ६७ वर्ष पूरा भएको छ । शून्यबाट सुरु भएकोले प्रथम पञ्चवर्षीय योजना २०१३-१८ का बखत योजना तर्जुमाका लागि आवश्यक पर्ने तथ्यांक र सूचनाको सर्वाधिक अभाव रहेको थियो । पाँचवर्षे योजनाकालमा कुल ३३ करोड खर्च हुने र खर्च व्यहोर्ने प्रमुख स्रोतमा आन्तरिक स्रोतबाट रु.१७ करोड व्यहोर्ने अनुमान गरिएको थियो । बाँकी रकम भारत सरकारको सहायता, कोलम्बो प्लान र अमेरिकी सरकारको सहायताबाट व्यहोर्ने अनुमान गरिएको थियो । यसैगरी योजनाको प्राथमिकतामा यातायात क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी झण्डै एक तिहाइ बजेट छुट्याइएको थियो भने त्यसपछि ऊर्जा, स्वास्थ्य, ग्रामीण विकास, सिंचाइ, वन र शिक्षालाई प्राथमिकता दिई बजेट छुट्याइएको थियो । नेपालले हालसम्म पन्ध्र वटा आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । यसमध्ये पाँचवटा त्रिवर्षीय योजना र दशवटा पञ्चवर्षीय योजना रहेका छन् । पञ्चायती व्यवस्था सुरु हुने बखत एक वर्ष अर्थात् २०१८ सालमा कुनै पनि योजना रहेन भने दोस्रो योजना (२०१९-२२) तीन वर्षको लागि तर्जुमा गरियो । यसैगरी मुलुकमा गणतान्त्रिक व्यवस्था लागू भएपछि २०६४ देखि २०७३ सम्म राजनैतिक संक्रमणको अवस्थालाई विचार गरी चारवटा त्रि-वर्षीय योजना कार्यान्वयनमा ल्याइए । पन्ध्रौं योजना (२०७६-८१) तर्जुमा हुँदा मुलुकमा संघीय गणतान्त्रिक व्यवस्था लागू भइसकेको कारणले केही क्षेत्रमा प्रादेशिक लक्ष्य तोकिएको भएतापनि अधिकांश क्षेत्रमा प्रादेशिक सन्तुलनलाई आधार बनाएको पाइँदैन । विगतका आवधिक योजनाको प्राथमिकताका क्षेत्रहरू फरक-फरक भएतापनि सबैजसो योजनाको बृहत् उद्देश्यमा मुलुकको आर्थिक तथा सामाजिक विकास गर्ने, गरिबी निवारण, पूर्वाधारको विकास, ऊर्जा, कृषि, वन, उद्योग र पर्यटन क्षेत्रको विकास गर्ने तथा शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा सामान्य जनताको पहुँचमा विस्तार गर्ने जस्ता कुरालाई साझा रूपमा उल्लेख गरिएको पाइन्छ । आवधिक योजना तर्जुमाको बखत निकै तामझामका साथ उद्देश्य, लक्ष्य र कार्यक्रमबारे उल्लेख गरिने भए तापनि तदनुरूप कार्यान्वयनका लागि जनशक्ति लगायत बजेट प्रबन्ध नहुनु, ऐन कानुन र संस्थागत प्रबन्धको कमी, फितलो अनुगमन तथा मूल्यांकन पद्धति, भ्रष्टाचार र आर्थिक अनियमितता, एवं जवाफदेहीको कमी जस्ता कारणले उपलब्धि भने निराशाजनक भएको पाइन्छ ।

विगत पन्ध्रौं योजनाको हालसम्मको चार वर्षको उपलब्धिको आकलन गर्ने हो भने चाहे त्यो प्रति व्यक्ति आय होस् वा आर्थिक वृद्धिदर बढाउने अथवा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रबाट योगदान बढाउने विषय होस् यी सबै विषय लक्ष्यको तुलनामा धेरै नै कम देखिन्छन् । उदाहरणको रूपमा उद्योग तथा वाणिज्य क्षेत्रको लक्ष्य र उपलब्धिको तुलना गर्ने हो भने आ.व. २०७८-७९ मा ६५१ अर्ब विदेशी लगानी भित्र्याउने र वस्तु तथा सेवाको निर्यात कुल गार्हस्थ्य उत्पादनको १४.१ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको भएतापनि नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार उपलब्धितर्फ प्रत्यक्ष वैदेशिक लगानीतर्फ करीब १९ अर्ब तथा वस्तु तथा सेवाको अंश कुल गार्हस्थ्य उत्पादनको तुलनामा केवल ६.७ प्रतिशत रहेको पाइन्छ ।

नेपालमा हालसम्म कार्यान्वयनमा ल्याइएका आवधिक योजनाले आशातित प्रगति हासिल गर्न नसक्नुका कारण धेरै छन् । यसमध्येको एउटा कारण मुलुकको स्रोत, साधन र कार्यान्वयन क्षमतालाई राम्रो आकलन नगरिकनै हचुवाका भरमा लक्ष्य निर्धारण गरिने कुरालाई लिन सकिन्छ भने यसको अर्को पक्षमा निर्धारित कार्यक्रम अनुरुपको विस्तृत कार्ययोजना नबन्ने कुरालाई लिन सकिन्छ । योजनामा राखिएका बृहत् आकारका लक्ष्य प्राप्तिका लागि कार्यान्वयन गर्नुपर्ने सूक्ष्म प्रकृतिका कार्यको पहिचान तथा त्यसका लागि आवश्यक पर्ने स्रोत, साधन र कार्यान्वयन प्रक्रियाका बारेमा योजना तर्जुमाकै बखत चाँजोपाँजो मिलाउनुपर्ने हुन्छ । जबकि यस सन्दर्भमा विगतका योजनाले पर्याप्त ध्यान पुऱ्याएको पाइँदैन । योजनाको अर्को पक्ष व्यावसायिक वातावरणको मूल्यांकन गर्ने विषयलाई लिन सकिन्छ । कुनै पनि आर्थिक तथा सामाजिक विकासको अभियानलाई संस्थाभित्र र बाहिरका तत्वहरूले प्रभाव पार्दछन् । यसको लागि समस्याको सही ढंगबाट पहिचान गर्ने, साथै विद्यमान संस्थाहरूको सबल र दुर्बल पक्ष केलाउन सक्ने क्षमता हुनुपर्दछ । यसैगरी बाह्य बजारमा वस्तु तथा सेवाको मागमा आउन सक्ने संकुचन तथा विस्तार (डाइनामिज्म), उपभोक्ताको अभिरुचि, प्रतिस्पर्धाको स्थिति तथा नवीनतम प्रविधिको उपयोगबाट बजारमा पर्न सक्ने प्रभाव आदि जस्ता विषयमा खास-खास अनुसन्धान गर्न सकेमा योजना वस्तुनिष्ठ बन्न जाने कुरामा विश्वस्त हुन सकिन्छ । आवधिक योजना वा अरु कुनै योजनाको सफल कार्यान्वयनमा आवश्यक पर्ने अर्को महत्वपूर्ण पक्ष पहिचान गरिएका कार्य वा गतिविधिको लागि सम्बद्ध निकाय वा पदाधिकारीलाई जिम्मेवारी तोक्ने र जवाफदेही लिने विषयसँग सम्बन्धित रहेको हुन्छ । योजना बनाउने तर त्यसको कार्यान्वयनको लागि पहिचान गरिएका संस्था वा पदाधिकारीलाई नतिजाप्रति जिम्मेवार बनाउने प्रभावकारी प्रबन्ध नभएकै कारणले बनेका योजना कार्यान्वयनमा अलपत्र परेका देखिन्छन् ।

योजनाको कार्यान्वयनका लागि आवश्यक साधन र स्रोतको जोहो गर्ने, कानुनी प्रबन्धका साथै संस्थागत व्यवस्था मिलाउनुपर्ने भएमा सोको व्यवस्था मिलाउने र समयबद्ध रूपमा हुनुपर्ने काम भए नभएको अनुगमन गर्ने काम योजनाको अभिन्न अंगको रूपमा रहनुपर्दछ । यसैगरी एउटै विषयगत क्षेत्रको कार्य सम्पादनका लागि कतिपय निकायहरूसँग समन्वय राखी योजना तर्जुमा र कार्यान्वयनमा लैजानुपर्ने हुन्छ । जस्तो कि निर्यात व्यापार बढाउने विषय केवल वाणिज्य क्षेत्रको एकांगी लक्ष्यको रूपमा लिनु सर्वथा गलत हुन्छ । यसको लागि कृषि र वनस्पतिजन्य उत्पादन औद्योगिक उत्पादन र सेवा क्षेत्रको विकास तथा निकासीलाई पनि सँगसँगै लिएर जानुपर्ने हुन्छ । यातायात र लजिष्टिक्स सुविधा, पारवहन ढुवानीसँग सम्बन्धित सेवा, निकासी गरिने वस्तुको गुणस्तर परीक्षण तथा त्यसका लागि आवश्यक पर्ने प्रयोगशालाको निर्माण तथा व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण विषय हुन् । नेपाल एक भूपरिवेष्टित मुलुक भएको कारणले पारवहन ढुवानीसँग सम्बन्धित लागतले अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको प्रतिस्पर्धी क्षमता निर्धारण गर्दछ भन्ने कुरालाई अनदेखा गर्न मिल्दैन । कुनै पनि मुलुकको प्रतिस्पर्धी क्षमताको परख मूलत: स्वस्थ आर्थिक अवस्था, सरकारी संयन्त्र र व्यावसायिक वातावरणको कार्यकुशलता र भौतिक पूर्वाधारको अवस्थाले निर्धारण गर्दछन् । यसैले मुलुकको उत्पादनले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्थाको सृजना गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्दछ । व्यापार साझेदार मुलुकहरूले अपनाउने व्यापार तथा आयात शुल्क सम्बन्धी नीतिले पनि निकासी व्यापारको गतिलाई प्रभावित गर्ने भएकोले स्वदेशी व्यापार सम्बन्धी नीति र योजना तर्जुमा गर्दा बाह्य क्षेत्र र आर्थिक कूटनीतिको विषयलाई बिर्सन मिल्दैन । यसरी हेर्दा योजना तर्जुमा र कार्यान्वयनको काम बहुपक्षीय तथा विभिन्न क्षेत्रसँग जेलिएको जटिल कार्यको रूपमा पनि बुझ्न सकिन्छ । सबै क्षेत्रगत विषयहरूलाई समेटी आर्थिक तथा सामाजिक विकासको अभियानलाई आवधिक योजनाको माध्यमबाट मूर्तरुप दिने कुरा आफैंमा एक जटिल अभ्यास पनि हो । विगतका योजना तर्जुमा तथा कार्यान्वयनको स्थितिको विश्लेषण गर्ने हो भने सधैं जसो देखिने समस्याको रूपमा लक्ष्य र उपलब्धि बीचको ठूलो खाडल, स्रोत-साधनको कमी, संरचना एवं संस्थागत प्रबन्धको प्रतिकूलता, राजनीतिक अस्थिरताको कुप्रभाव आदि प्रमुख रूपमा देखा पर्दछन् ।

सोह्रौं योजना तर्जुमा गर्दा विगतका अनुभवलाई केलाई पुन: कर्मकाण्डी ढंगको व्याख्यात्मक टिप्पणी र धेरै महत्वाकांक्षी लक्ष्य राख्नु भन्दा सरल सहज लक्ष्य भेट्न सकिने सान्दर्भिक एवं पाँच वर्षको अवधिमा हासिल गर्न सकिने लक्ष्य सहितको ( स्मार्ट) योजना बनाइनुपर्दछ । हरेक क्षेत्रलाई समेट्ने गरी बढीमा १०-१० वटा प्राथमिकता प्राप्त सुधारका कार्यक्रम छनोट गर्ने, त्यस्ता कार्यक्रमका लागि बजेटको सुनिश्चितता गर्ने, जनशक्ति लगायत संस्थागत संरचना तय र निरन्तर अनुगमन गर्ने प्रणालीको विकास गर्न जरुरी हुन्छ । विगतमा राष्ट्रिय महत्वका आयोजनाको रूपमा ठूला ठूला लगानी हुने सडक, खानेपानी, जलविद्युत्, सिंचाइ, एयरपोर्ट आदिलाई तोकिएको भएतापनि ती अधिकांश आयोजनाको प्रगति एकदमै सुस्त छ । आर्थिक विकासलाई गति दिन केवल भौतिक पूर्वाधारको प्रबन्ध मात्र पर्याप्त हुँदैन । मुलुकभित्रै कृषि तथा औद्योगिक उत्पादन बढाउने, स्वास्थ्य, प्राविधिक शिक्षा र सूचनाप्रविधिमा आधारित सेवालाई विस्तार गर्ने, साथै वैदेशिक वा स्वदेशी लगानीका लागि उपयुक्त वातावरण सृजना गर्नेतर्फ निरन्तर प्रयास हुनु जरुरी छ ।

मुलुकमा सुशासनको पद्धति बसाउन र पूँजीगत लगानी बढाउनका लागि सरकारको ध्यान केन्द्रित हुन जरुरी छ । यसको लागि अहिले भइरहेको अत्यन्त भड्किलो र खर्चिलो राजनैतिक संरचनाको पुनरावलोकन गरी कम खर्चिलो र मितव्ययी परिपाटी बसाउनेतर्फ राजनैतिक नेतृत्वको ध्यान जान सके मुलुक अग्रगमनको दिशामा अघि बढ्न सहज हुने आकलन गर्न सकिन्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :कामको बोझ र जिम्मेवारी थपिएलान् । केही समस्या आउलान् । | **तुला** :रमाइलो भ्रमण सम्भावना छ। नयाँ काम गर्ने मौका छ । |
| **बृष** :चोटपटक लाग्ने वा अस्वस्थताको योग छ । मानसिक पीडाले सताउला । | **बृश्चिक** :राजनीति र नोकरीमा उन्नति होला। सोचेको लाभ मिल्नेछ । |
| **मिथुन** : विद्यामा प्रगति हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **धनु** : कमजोरी महसुस होला । अरूका लागि समय खर्चनुपर्ला । |
| **कर्कट** :नयाँ काम गर्ने मौका छ । विद्यामा प्रगतीको साथ अगाडि बढ्नेछ । | **मकर** : अरू प्रभावित पारेर काम बनाउने समय छ । खुशीले मन प्रशन्न हुनेछ । |
| **सिंह** :खुशीले मन प्रशन्न हुनेछ । आफ्न्तजनसंग भेटघाट होला । | **कुम्भ** :स्वास्थ्यमा समस्या आउला। प्रेममा फाटो आउने छ। काममा बाधा आउनेछ |
| **कन्या** : सामाजिक र सेवामूलक काम गरिनेछ । आम्दानी प्रशस्तै बढ्नेछ । | **मीन** : खर्च बढ्ने, काम रोकिने सम्भावना छ । मनमा खिन्नता आउने छ । |

# साहित्य दर्पण

कथा — टंकबहादुर आले मगर

## बहुलाएछ खोला

आकाश डम्म धुमिएको छ । त्यसले दोब्बर धुमिएका छन् किसानेको मन । आज पनि उसको पालो आएन तारजाली पाउने । धेरै छन् प्राकृतिक पीडितहरू । हतार छन्, बित्दो छन्, भयावह छन् सबैका कथाहरू । 'करेसोमै ठोकिरहेछ खोला ।' एकजना मान्छेको कथा । 'तुरुन्तै बाँध निर्माण नभए पुरै गाउँ लैजान सक्छ नदीले । पहिलो प्राथमिकता हामीलाई होस्, हाम्रो गाउँको विषय छ ।' सुरिन्छ गाउँको त्रास बिसाउन आउने मान्छे । 'होइन मेरो पालो आउन पर्छ, यहाँ बसेको तीन दिन भइसक्यो । हाम्रो खेत बाँझै छ ।' अर्को टोक्दै गरेको लामखुट्टेलाई मार्दै भन्छ । 'होइन यो कार्यालयमा आफन्तवाद र कृपावाद चल्छ के हो ? आजै आउनेले जाली पाएर हिँडिसके । यो भएन साथी हो, यहाँ पहुँचको दबदबा भइरहेछ । भेला भएर नारा लगाऊँ साथी हो -'भ्रष्ट कर्मचारी !'

अरू कराए -'मुर्दावाद मुर्दावाद !'

'नातावाद कृपावाद !'

'चल्दैन चल्दैन !'

'भेदभावी कर्मचारी !'


'होस गर होस गर !'

जुलुस नै मच्चिन थालेपछि प्रहरी तैनाथ भए । तारजाली बोकेर हिँडेको मान्छेले फर्केर मोबाइलमा रेकर्डिङ भएको भिडियो देखायो । हेरे पछि सबै चुप भए । उसको घर निरै ठोकिरहेको थियो खोला । चौबिसै घण्टा एफ एममा सुन्छन् कर्नालीले रेटेको कुरा । कोसीले उजाडेको कथा । बबई नदीले दिने वेदना ।कन्काइ खोलाले बिर्सेको बाटो । पहिरोले राजधानीसँग भाँचेको टाँगो । पहाडी गाउँलेले भोग्न परेको चोट । तराई क्षेत्र जलमग्न भई सर्पदंश र झाडापखालाले मान्छे मरेका खबरहरू । भँडारे काका पालो मै छन्, दुई दिन भो सदरमुकाम आको । होटेलमा खायो, पानीको बोतल किन्यो, मोबाइलमा कुरा गर्यो, लर्कने खसी बेचर ल्याएको पैसा तुरिसक्यो । त्यो भन्दा फड्को जान लाग्छ धुमिएको आकाशले । पुर्खाबाटै जीवनयापन दिँदै आएको खोला यसपालि रिसाएको छ, उसको पेट काटेर गाउँ जाने बाटो निर्माण भएपछि । अझै माथि माथि बाटो खन्दा ृयाँकेको माटो समेत खोलाले बोकेर झर्ना पर्दा बहुलाएको छ । र स्वतन्त्र भई मान्छेका खेततिर पस्दै छ । भँडारे काकाको खेत पनि कटानमा पर्दा, बुझ्ने मान्छेहरूलाई सोधपुछ गर्दा, अधिकारी खोज्दा, वार्डको सिफारिस, थानाको सर्जिमिन गर्दा पाँच दिन बित्यो । त्यसपछि जिल्लामा तीन दिन भइसक्यो तारजाली पाउने आशा बोकेर बसेको। तटबन्धको लागि तारजाली पाए पछि खेत जोगाउने ठुलो आशा छ भँडारे काकालाई । विविध समस्याका दाह्राहरूले तीन कठ्ठा जति टोकिसकेको छ । यसपालिको बाढी भेलबाट रहेको दुई कठ्ठा पनि जोगिएन भने, सर्वस्वहरणमा पर्ने छन् बिना अपराध नै । मेघ गर्जनसँगै मूसालधारे पानी परिरह्यो । भँडारे काका आफन्तको दलानबाट आफ्नो गाउँको दिशातिर हेरिरहेका छन् अकल्पनीय त्रास बोकेर । घरमा पोन गर्न छट्पटिरहेका छन्, तर मोबाइलको चार्ज सकिएको छ । अरूको मोबाइलमा पनि टावर छैन शायद पानी परेर होला । बिहान आठबजे दस ओटा जालीको निवेदन दिएकोमा केवल दुइटा मात्र पायो । त्यही जाली बोकेर बसपार्क आए काका । त्यता कुनै बस नजाने जानकारी हुन्छ, भत्केका छन् अरे बाटो, भलबाढीले । पैदलै हिँडे जाली बोकेर । शायद समय काकाको विपक्ष भएर उभिएको छ । र त रातभरि पानी परेको आकाशले यातना दिइरहेको छ, प्रचण्ड घाम बोकेर । भित्री मधेसको तातो ठाउँ, तररर पसिना झार्दै थकित भई पाँच बजे गाउँ पुगे काका । गाउँलेहरू लहरै उभिएका थिए खोलातिर हेर्दै । त्यहाँ पुग्दा सबैको हेराइ काका तिरै सोझिए । 'कहाँ लाउने तारजाली ? भाइको खेत त सबै बगायो खोलाले ।' गैरी टारे दाइले भँडारे काकालाई टिस्याउँदै भन्नु भयो । 'हो र !?' भन्दै जाली फ्याँकेर दगुरे आफ्नो खेततिर । साँच्चै आफ्नो खेतको नामोनिशान थिएन । त्यहाँ त ठुलो खोला उर्लिरहेको देखे । थचक्क बसे । स्याँस्याँ हुँदै सास बढ्यो । उप्रान्त काका कागजीमा नभए पनि भौतिक रूपमा सुकुमबासी भइसकेका थिए । काकाको मगजभित्र रन्थनियो तीनोटी छोरीको बिहे, महिनाको हजार रुपैयाँको भन्दा माथिको श्रीमतीको औषधी, त्यसपछि खाने के ? बिना उत्तरको प्रश्नमाला । कतार हुर्रिंदै आएर दम्का रोगी श्रीमतीले अँगालेर रोइन्, रोइरहिन् । सास झनै बढेको थियो, त्यो देखेर झनै अतालिन्छन् काका । सबैले ढाडस दिए । गाउँपालिका, सामुदायिक बन उपभोक्ता समिति लगायत सै संस्थाले साहेता गर्ने प्रण गर्छन् । स्थानीय पत्रकारले स्थितिको भिडियो बनाई अनलाइनबाट प्रसार गरे सहयोगको याचना गर्दै ।

'समय मै तारजाली दिएको भए मेरो खेत जोगिने थियो' भन्दै मुड्कीले हाने छातीमा डम्मै । अब हाम्रो आउँदो जीवन के हुने हो जुनुकी मम्मी ? भन्दै श्रीमतीलाई अँगालेर झनै पगालिए काका । 'नसुर्ताउनुस् म पाल्छु तपाईंहरूलाई । विदेश गएर कमाएर ल्याउँछु बुबाआमा ।' भन्दै ठुली छोरी पनि छाँदिएर रुन्छे । 'कसले ऋण दिन्छन् र हामी सर्वहारालाई, अनि विदेश जान्छेऊ छोरी ।' छोरीलाई हेर्दै झनै करुण बने भँडारे काका । समय बित्दै गयो - सहयोगी हात बाट जेनतेन चलेको जीवन । आज फाँटतिर गएका छन् आमा छोरी बनी गर्न । जति कम्लाए पनि थारै बस्ने थोरे भैंसीलाई एक पाँजो घाँस दिएर पेटीमा बसेर सानो सिसाभित्र मुस्कुराइरहेको छोराको तस्बिरलाई हेरे, चसक्क चस्कियो छाती, धसियो मन भँडारे काकाको । 'छोरालाई निमोनियाले नखाएको भए यति बेला लक्का जवान हुने थियो । धेरै पढ्थ्यो, गाउँको प्यारो हुन्थ्यो ।' काका मनमनै कता कता हराउँछन् । झनै कल्पनाको सागरमा चोभिए -'छोरा जिउँदो भए हाम्रोमा पनि रेमिटेन्स आउने थियो । तल बजारमा काठकै खाँबा, धरिन र टोकल ठोकेर उभिन्थ्यो घर । या त्यो बजारे स्कुलको माडसाहाब भएर धेरै विद्यार्थीका गुड्मोर्निङ सर हुन्थ्यो मेरो छोरो ।' ओठमा च्यापेको खैनी फ्याँकेर प्याच्च थुक्दै फेरि कल्पनामै डुबे । आज मरेर गएको छोरोलाई जिउँदो बनाएर कल्पनु साह्रै मजा आएको छ काकालाई- 'या त मेरो छोरो गाउँपालिकाको अध्यक्ष अवश्य बन्थ्यो । बुद्धिका तिखो थियो, बा अमेरिका पुग्थ्यो रतन सरको छोरा झैँ चिठ्ठा परेर । लौ ती सबै नहोस्, कृषि तालिम लिएर खेती गर्थ्यो, कृषि मेलामा हाम्रो काउलीले प्रथम पुरस्कार पाउँदा कति मगमगाउँथ्यो मेरो छोरोको नाम ।' भैँसीले अइँ गर्दा पो झस्किए । सालाले काठमाडौँबाट ल्याइदिएको बाल्टीमा पानी भरेर भैँसीलाई दिए । त्यहीं बसेर भैँसीले पानी तानेको तरङ्गसँगै फेरि हराउनु भयो छोरा कै सम्झनामा - 'बा साहित्यकार भएर सभा तताउँथ्यो होला कविताको वाण छोड्दै । या गायक भए आज युटैवमा उसको गीत सुनेर कति रमाउँथ्यौँ हामी ।अनि मोटरसाइकलमा राखेर उसको माउलो पुर्याउँथ्यो, धुलो उडाउँदै । लौ केही नगरे पनि ऋणपान गरेर एउटा अटो त किन्थ्यो पक्कै । अनि कति सजिलो हुन्थ्यो मधेस, लेख, बेँसीको यात्रा । काश मेरो छोरो कुनै सै संस्थाको अध्यक्ष भए कति हुन्थे खादा र ब्याजका लस्करहरू ।' झसङ्ग भए थोरे भैँसीले टाउको हल्लाउँदा लागेको पानीको छिटाले । 'छि: के नहुँदो कल्पना गरेको म मुलेले ।' भन्दै गोबर सोहोर्न थाले । 'नमस्कार है अंकल !' भन्दै जिल्लाबाट पत्रकार आइपुगे । पिँढीमा खोस्टे पिरा दिँदै काकाले भन्नु भयो, 'बसौं है नानी ।' बस्दै पत्रकार भन्छन्, 'हाम्रो युटूब हेरेर विदेशमा बस्ने नेपाली युवाहरूले पचास हजार सहयोग रकम पठाउनु भएका छन् । त्यो रकमलाई गजल वाचनको कार्यक्रम राखी सी डी ओ साहेबको हस्तद्वारा रकम हस्तान्तरण गर्ने कार्यक्रम राखेका छौँ ।' एउटा खाम दिँदै 'निमन्त्रणा हजुरलाई । भोलि ठिक बिहानको एघार बजे साहित्यिक हलमा आइपुग्नु होला ।' प्रफुल्ल बने काका सुनेर । साहित्यिक हलमा प्रमुख अतिथि जिल्ला प्रमुखको छेउ मै विशेष अतिथिको सुन्दर रिबने ब्याज र टल्कने खादा ओढेर अग्रपङ्क्ति मा बस्न पाउँदा अति हर्षित बने भँडारे काका । उहाँका पारिवारिक सन्दर्भ र विपतका लुँगहरू उही पत्रकार बाबुले भट्याइरहँदा झनै काकालाई हर्षले सगरमाथा टेकेको अनुभूत प्रसार भइरहेको थियो । दर्शकदृघाको हूलमा बसेकी भँडारनी काकीलाई पनि अचम्मित लागिरहेको थियो, आफ्नो श्रीमानलाई त्यो अग्लो ठाउँमा बसेर हाँसिरहेको देख्दा । उकालो हेरेर नमन गर्दै बरबराइन्- 'धन्य ! अर्काको देशमा पसिना बगाउँदै खुसीको कोसीलाई हामी सम्म पुर्यायौँ । कल्याण होस दानी मनहरूको । आज तिमीहरूले त बचाइरहेका छौ नेपाली पीडितहरूलाई । चाहे भलबाढी पीडित हुन्, चाहे क्यान्सर पीडित । चाहे मिर्गौला फेर्न परोस् चाहे ब्लडमणि संकलन गर्न परोस् धन्य धन्य । तपाईंहरूले दिनु भएको अकल्पनीय खुसी !' भन्दै बररर खसाइन खुसीको आँसु । रोक्दा रोक्दै पनि भकानियो मन । एउटा अतुलनीय पीडित हिक्काले शून्यतामा डुब्न विवश बन्यो कार्यक्रम भइरहेको साहित्यिक हल ।

*-साहित्यपोष्ट डटकम*

### गाउँ हे गुण पंचशिलको



*लालकाजी शाक्य*

गाउँ हे गुण पंचशिलकों शुद्ध बनाई तन आत्मा
खोली हेर चक्षु ज्ञानको, पाउनेछ शान्ति चारधाम

ज्ञानबाट नै ध्यान मिल्छ, बिना ज्ञान मुक्ती कहाँ
विपस्यना मार्ग अपनाउ ध्यानबिना सिद्धी कहाँ
हे तथागत मुक्तिदाता, जन्मियौ शान्तिदुत बनी

अन्तरमन भित्र ज्योती जलाउ हटाई मनको मैलो विकार
द्वार तिम्रो आयो तथागत बनेर शितल सहारा
प्रकाश छरी शान्तिको, बनेर एक उज्वल तारा

धिक्कार भैइ बित्यो जीवन, पाएर अति सुन्दर तन
भड्की रहेछौ यहाँ वहाँ भएर किन चञ्चल मन
अष्टि्शलको शक्तिले बदलिन्छ अन्तरमन

निबन्ध — योगेन्द्र उपाध्याय 'पुष्प'

## के म भन्दा जान्ने, सुन्ने कोहि होला त ?

*पहिलो पटक त्यही समयमा लागेको थियो म भन्दा जान्ने सुन्ने पनि कोही रहेछ यो संसारमा ! घटना माने सानै हो तर त्यस समयमा मेरो मनमा एउटा वस्तुको कमी थियो स्वीकार्यता, आज सोंच्छु उनको पनि त अधिकार हो, सम्मान गर्छु उनीप्रति, उनले बाबुआमाको अघि बली दिइनन् आफ्नो इच्छाको । भौतिक विज्ञान २ भागमा विभाजित छ, पहिलो पुरातनवादी फिजिक्स (Classical Physics) र आधुनिक विज्ञान (Quantum Physics) । क्लासिकल फिजिक्सका प्रणेता अल्बर्ट आइन्सटाइनको थ्योरी अफ रिलेटिभिटि सबैभन्दा महत्वपूर्ण मानिन्छ यद्यपि क्लासिकल फिजिक्सको विकास एवं प्रवर्द्धनमा आइन्स्टाइन भन्दा पूर्ववर्ती भौतिक वैज्ञानिकहरुको योगदानलाई पनि कम आँक्न भने हुँदैन ।*

कहिलेकाँही मनमा आउने सवालहरुले मस्तिष्कलाई विचलित गराउँछन् । विचलित गराउने प्रत्येक प्रश्नहरु महत्वपूर्ण पनि हुँदैनन् तर महत्वपूर्ण नठानिएका प्रश्नहरु नै हुन् जसले विचलनको स्थितीसम्म जो कोहिलाई पनि पुर्याउने क्षमता राख्दछन् । महत्वपूर्ण ठानिएका प्रश्नहरु उत्तरसमेतका हुन्छन् । या भनौं महत्वपूर्ण रहेका विषयवस्तुहरु माथिको गरिएका प्रश्नले नै मानिसलाई भौतिक विकास गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्यो जस्तै यो जंगलमा रहेको बिरुवा घर आफू बस्ने ओढार नजिकैको स्थानमा गएर रोप्दा के होला ? भन्ने प्रश्नले कृषिक्रान्तिको सुरुवात भयो भने केट्लीको ढक्कन बाफले कसरी उचाल्न सक्यो होला? भन्ने प्रश्नले अठारौं शताब्दीमा औद्योगिक क्रान्तिको सुरुवात गर्यो । चरा कसरी उड्यो ? पानी किन पर्छ? स्याउ कसरी खस्यो ? मानिस बिरामी कसरी पर्छ ? जस्ता थुप्रै महत्वपूर्ण प्रश्नहरुको योगदान हामीले कहिल्यै बिर्सन हुँदैन जसले मानवलाई भौतिकीको क्षेत्रमा नयाँ उचाई एवं जिवनमा नयाँ आयाम प्रदान गर्न आफूलाई समर्पित गर्यो । अब प्रश्नहरु शायद बाँकी नभएर होला या बाँकी रहेका प्रश्नहरु मेरो क्षमता/विद्वता/व्यवहार/ अनुभवभन्दा बाहिरको पनि भएर होला, काम लाग्ने प्रश्नहरु सकिएपश्चात् मनमा एकमात्र प्रश्न बाँकि रहँदो रहेछ के म भन्दा जान्ने, सुन्ने कोहि होला त ?

रुचि धेरै भएतापनि आफू विज्ञानको विद्यार्थी परिएन, नेपाली परियो त्यो पनि एजुकेशनवाला, नेपाली एजुकेशन हुनुको पीडा मलाई मात्र थाहा छ । विदेशबाट आएपश्चात थोरै धन र ठूलो मनको साथमा जाँगर चल्यो विवाह गर्ने, बुवाको कुण्डलीको कहरबाट बचेका स्त्रीहरुमात्र मेरा लागि विवाह गर्न योग्यता प्राप्त गर्न सफल हुने हुनाले मनले खाएकाहरु पाउने आशा निकै कम थियो । कुण्डलीमा पास भएका ५-६ जनाको इन्टरभ्यू लिईयो/दिईयो तर आफू होचो, मझौनी गाउँ, बैदेशिक रोजगारबाट फर्केको बेरोजगार आदिका कारणले कुरा मिलिरहेको थिएन । इन्टरभ्यूकै क्रममा एक ठाउँमा मामाको साथमा पुगियो । उनी रहिछन् अंग्रेजी एजुकेशन, आँट र जाँगरको अभाव भयो अंग्रेजी सुन्ने बित्तिकै किनकी उनले अंग्रेजीमा इन्टरभ्यू लिन थालिन् भने संस्कृत र नेपालीका श्लोक हानेर पनि त भएन । तर स्पिकिङ्ग अंग्रेजी राम्रो थियो मेरो २ वर्ष अमेरिकन र ब्रिटिसहरुको साथमा काम गरेर आएको थिएँ, मात्र थिएन सर्टिफिकेट, उनको अंग्रेजीको प्रज्ञानतालाई मेरो हेलो, हाए, एस.एस. र बाई बाट जितिदिन्छु भन्ने लाग्यो अनि मामाले दिएको "भाञ्जा मैले मिलाउँछु" भन्ने हौसला पनि छँदै थियो साथमा । गईयो उनको घरमा मामाको यामाहा लिबेरो बाइक चढेर गर्मी नै भएपनि कोट भने छोड्नै मन लागेन भनिन्छ नि - फर्स्ट इम्प्रेशन इज द लाष्ट इम्प्रेशन । उनको घरको बराम्दामा रहेको २ थान स्टुल, १ थान बेन्ची र १ थान प्लास्टिकको कुर्सीमाथि राखिएको कुशनले मलाई मनमनै लाग्यो कुशनवाला मेरै लागि होला प्रमुख अतिथी त म नै हो नी आजको कार्यक्रमको । बसें कुशनमा कुसन पनि बिझाउन थाल्यो बसेको केही क्षणमै जब भित्रबाट आएको मधुरो आवाज मेरो कानमा पर्यो -गर्दिन म बिहे नेपाली पढेकोसँग । अरु स्थानमा झैं चियाको प्रतीक्षा थियो मलाई हेरुँ न त कस्ती रहिछन्, आशा विपरीत उनकी आमाले चिया ल्याइदिनुभयो । त्यती तीतो चिया मैले आजसम्म खाएको छैन यद्यपी त्यो चियामा चिनीको मात्रा बढी थियो । इन्टरभ्यूको लागि गरिएको तयारी पनि बेकम्मा सावित भयो । पहिलो पटक त्यही समयमा लागेको थियो म भन्दा जान्ने सुन्ने पनि कोही रहेछ यो संसारमा ! घटना माने सानै हो तर त्यस समयमा मेरो मनमा एउटा वस्तुको कमी थियो स्वीकार्यता, आज सोंच्छु उनको पनि त अधिकार हो, सम्मान गर्छु उनीप्रति, उनले बाबुआमाको अघि बली दिइनन् आफ्नो इच्छाको ।

भौतिक विज्ञान २ भागमा विभाजित छ, पहिलो पुरातनवादी फिजिक्स (Classical Physics) र आधुनिक विज्ञान (Quantum Physics) । क्लासिकल फिजिक्सका प्रणेता अल्बर्ट आइन्सटाइनको थ्योरी अफ रिलेटिभिटि सबैभन्दा महत्वपूर्ण मानिन्छ यद्यपि क्लासिकल फिजिक्सको विकास एवं प्रवर्द्धनमा आइन्स्टाइन भन्दा पूर्ववर्ती भौतिक वैज्ञानिकहरुको योगदानलाई पनि कम आँक्न भने हुँदैन । भौतिक विज्ञानको क्लासिकल विज्ञानमा रिलेटिभिटि जस्तै आधुनिक विज्ञानमा क्वान्टम थ्योरी नवीनतम र महत्वपूर्ण अवधारणा हो । क्वान्टम फिजिक्सले अध्ययन गर्ने धेरै विषयवस्तुहरु जस्तै क्वान्टम मेकानिक्स, स्ट्रिङ्ग थ्योरी, थ्योरी अफ रियालिटी आदिमध्ये मलाई स्ट्रिङ्ग थ्योरी र थ्योरी अफ रियालिटिको अवधारणाले निकै चकित बनाउँछ मलाई । रियालिटिका सम्बन्धमा हाम्रा पूर्वीय दर्शनहरुमा पनि प्रसस्त शोधहरु भएका छन् तर स्रोत सामग्रीहरुको अभाव तथा पाश्चात्य विज्ञानप्रति हामीहरुको आकर्षणले तिनलाई ओझेल बनाउँदै गयो जस्तै- संसार एक माया मात्र हो । रियालिटीको कन्सेप्ट पनि त्यही नै हो । रियालिटि या भनौं सत्यता सधैं मेरो सापेक्ष हुने गर्दछ । मेरो मात्र होइन तपाईंको सत्यता तपाईंको सापेक्ष हुन्छ । हुन सक्छ म तपाईंको मस्तिष्कको मात्र उपज हुँ । तपाईंले देखेका/भोगेका/सोंचेका/भविष्यमा सोंच्नका लागि मस्तिष्कमा थिग्रिएका सबै वस्तुहरु तपाईंको मस्तिस्कमा मात्र छन् । तपाईंले आफ्नो सुविधाका हिसाबले मेरो रचना गर्नुभयो र तपाईंपश्चात म पनि रहँदिन । कुनै पनि स्थानमा द्रष्टा छैन भनी दृष्टिहरुपनि रहँदैनन् । म तपाईंबाट ओझेल भएँ भने वास्तवमै म छु वा छैन भन्ने विषय तपाईंले यकीनका साथ भन्न सक्नुहुन्न । यस अवधारणा अनुसार आफूले सुनेको, देखेको, भोगेको बाहेक यस संसारमा, ब्रम्हाण्डमा घट्ने र घटिरहेका सबै घटनाहरु हाम्रा लागि असत्य हुन् । असत्य भन्दा पनि अझ ती वस्तु र घटनाको अस्तित्व नै हुँदैन । जब तपाईं कुनै माध्यमबाट कुनै घटना थाहा पाउनुहुन्छ बल्ल तिनीहरु सत्यतामा परिणत हुन पुग्दछन् । यस अर्थमा हामी सबैको सत्य फरक फरक हुन सक्दछ । यसै अर्थमा मेरो मस्तिष्कको उपज न हो सबथोक, के मेरो मस्तिष्कको एउटा उपज मात्र रहनुभएको तपाईं म भन्दा जान्ने सुन्ने हुनुहुन्छ होला त ? मसँग राजनारायण मा.वि. गेरमीमा अध्यापन गराउँदाका निकै मीठा अनुभवहरु छन् । त्यहाँ पढाएका विद्यार्थीहरु जस्ता मीठा व्यक्तिहरु मैले शायदै कहिल्यै भेटें र शायदै कहिल्यै भेट्नेछु । एकजना सर हुनुहुन्थ्यो जिउत दास उहाँले भनेको एउटा प्रसङ्ग मलाई हमेशा याद आउँछ अंग्रेजीमा एउटा उखान छ र यो सिद्धान्त पनि हो र गर्नुपनि पर्छ जीवनमा "हेल्प देम हु आर हेल्पलेस" तर नि योगेन्द्र सर तपाईंले सहयोग गरेको व्यक्ति यदि तपाईंभन्दा कमजोर स्थितिमा छ र कमजोर स्थितीमै रहिरह्यो भने उ तपाईंप्रति सधैं अनुग्रहित रहिरहन्छ तर त्यहि व्यक्ति जसलाई आज तपाईंले कमजोर स्थितिमा रहेको समयमा सहयोग गर्नुभयो र भोलि उ सम्पन्न भयो भने सबैभन्दा पहिला तपाईंको अगाडि नै सबैभन्दा पहिला सम्पन्नता प्रस्तुत गर्दछ जीवनलाई पल्टाएर हेर्नुस् तपाईंले पनि कुनै न कुनै समयमा आफूले सहयोग पाएकोसँग सम्पन्नता प्रस्तुत गरेको हुन सक्छ या आफूले सहयोग गरेकोबाट सम्पन्नताको बखान सुनेको हुन सक्छ । त्यो सम्पन्नताको प्रस्तुती जुनसुकै प्रकारको हुन सक्तछ जुनसुकै रुपमा हुन सक्तछ आश्था, अर्थ, मन या वचन । यो मैले पनि गरिरहेको हुन सक्तछु र तपाईंले पनि ।

अंग्रेजी साहित्य र संस्कारमा बटरफ्लाई इफेक्टले निकै महत्वका साथ हेरिन्छ । विश्वाश गरिन्छ कुनै एक स्थानमा उडेको पुतलीको पंखबाट चलायमान भएको हावाले एक अर्का हावाका अणुहरुसँग ठोक्किएर बनेको चेन रियाक्सनले कुनै अर्को ठाउँमा ठूलो हुरीको संयोग गराइरहेको हुन्छ । परमाणु बमको सिद्धान्त पनि यस्तै हुन्छ युरेनियमको अणुहरुको बाहिरी अर्बिटमा २ वटा इलेक्ट्रोन हुने र बाहिरी अर्बिटमा ८ वटा इलेक्ट्रोन भए मात्र युरेनियमको अणु स्थिर अवस्थामा पुग्ने हुनाले उसले वातावरणमा हुने अक्सिजन, कार्बनडाइअक्साइड लगायतका ग्याँसका बाहिरी अर्बिटबाट ६ वटा इलेक्ट्रोन लिएर आफू पूर्ण हुन चाहन्छ र यसबाट हुने चेन रियाक्सनले ठूलो विस्फोटको अवस्था सिर्जना गर्दछ । यसको मतलब वर्तमानमा घट्ने र सिर्जना हुने साना घटनाले पनि कालान्तरमा ठूला प्रभावहरु पारिरहेका हुन्छन् । आगोको एउटा सानो फिलिङ्गोले विश्वलाई जलाउने क्षमता राख्तछ । यद्यपी हुन सक्छ त्यो सानो फिलिङ्गो निकाल्न गरिएका प्रयासहरु असीमित होउन् तर विश्वले आगो देख्दछ, फिलोङ्गो होइन । यस अर्थमा विश्वले देख्ने आगो जस्तो म तपाईंको सानो फिलिङ्गोले उत्पन्न भएको होउँला त ? भ्रम होस् या यथार्थ भ्रम भए पनि आनन्ददायक यथार्थ भए पनि संतोषप्रदायक एउटै मात्र विचार "के म भन्दा जान्ने सुन्ने कोही होला त ?"

*-समकालीन साहित्य डटकम*

# रामपुरका सडकमा सोलार बत्ती जडान



**पाल्पा,** असार २२ /जिल्लाको रामपुर नगर क्षेत्रभित्रका सडकहरुमा सोलार बत्ती जडान गरिएको छ । आपराधिक घटना कम गर्न र शान्ति सुरक्षा कायम राख्न यहाँका विभिन्न स्थानमा सोलार बत्ती जडान गरिएको हो ।

रामपुर नगर सरकारले नगरपालिका कार्यालय परिसर, बेभाँड बजार, सदावर्त चोक, तालपोखरा, कालिआँप, र किसानबारी बजार क्षेत्रमा सोलार बत्ती जडान गरेको छ । नगरका सडक चोक, सार्वजनिक स्थान र पर्यटकीय क्षेत्रमा ७ वटा सौर्य बत्ती जडान गरिएको हो । रातको समयमा हुन सक्ने विभिन्न आपराधिक घटना र सुरक्षालाई मध्यनजर गरी नगरका विभिन्न स्थानमा अटोमेटिक सोलार बत्ती जडान गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । सोलार बत्ती जडानले सम्भावित अपराधिक घटनामा कमी आउनुका साथै रातको समयमा हिंडडुल गर्न सुरक्षित हुने उनले विश्वास व्यक्त गरे । नगर प्रमुख थापाले भने 'कालीगण्डकी करिडोर सडकमार्गले रामपुर देशका ठूला सहरसँग जोडिन पुगेको छ, रामपुरलाई मुख्य नाका बनाएर आवतजावत गर्ने भएकाले निकट भविष्यमा हुन सक्ने आपराधिक घटना, चोरी, डकैतीलाई दृष्टिगत गर्दै शान्ति व्यवस्था कायम गर्न बत्ती जडान गरिएको हो ।' नगरको सौन्दर्यता र सुरक्षाका लागि अहिले पहिलो चरणमा आवश्यक स्थानमा बत्ती जडान गरिएको र अन्य स्थानमा पनि सोलार बत्ती जडानलाई विस्तार गर्दै जाने समेत उनले बताए । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ससर्त अनुदानमा नगरपालिकाले सडक तथा चोकमा पोल सहितको अटोमेटिक सोलार बत्ती जडान गरेको हो ।

# जेष्ठ नागरिकलाई घरमै पुगेर सम्मान



**वालिङ,** असार २१/स्याङ्जाको वालिङ नगरपालिका–८ ले चौरासी वर्ष पूरा भएका जेष्ठ नागरिकलाई बुधबार सम्मान गरेको छ । वडा अध्यक्षसहित जनप्रतिनिधि तथा कर्मचारीले जेष्ठ नागरिकको घरदैलोमै पुगेर सम्मान गरेका हुन् ।

जेष्ठ नागरिकलाई वडाबाट सम्मानस्वरुप यस वर्ष भुल, 'हर्लिक्स' र फलफूल उपलब्ध गराएको वडाअध्यक्ष दामोदर तिवारीले बताए । 'समाजका अभिभावककारुपमा रहेका जेष्ठ नागरिकलाई सम्मानस्वरुप भुल, हर्लिक्स र फलफूल घरघरमै पुगेर उपलब्ध गराएका हौं', उनले भने, 'घरघरमै पुग्दा जेष्ठ नागरिकको अवस्थाका बारेमा जानकारी लिनुका साथै उनीहरुको अनुभव तथा सुझाव पनि संकलन गर्न पायौं ।' वडावासीको सुख दुःखमा वडा कार्यालय वा जनप्रतिनिधिहरुसँगै छन् भन्ने अनुभूति दिलाउनका लागि पनि नागरिकको घर दैलोमै पुगेर उक्त सामग्रीहरु उपलब्ध गराएको उनले बताए । जेष्ठ नागरिकलाई लक्षित गरी विगतका वर्ष स्वास्थ्यकर्मीसहित घरमै पुगेर स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरेको वडा सचिव प्रेमनारायण सुवेदीले बताए । वडा कार्यालयका अनुसार चौरासी वर्ष पूरा भएका २८ जेष्ठ नागरिक छन् । 'वडाको तथ्याङ्कमा रहेका २८ जनामध्ये हाल वडाभित्रै बसोबास गरेका २२ जनालाई सम्मानस्वरुप उक्त सामग्री उपलब्ध गराएका हौं', वडा सचिव सुवेदीले भने । मत दिएर जिताएका जनप्रतिनिधि घरदैलोमै आएर सम्मान गर्दा खुसी लागेको वालिङ–८ कँडेलगाउँका पूर्णचन्द्र कँडेलले बताए । 'जनप्रतिनिधिले बूढा भएर बसेका वृद्धवृद्धालाई घरघरमै आएर भेट्ने, दुःखसुखका कुरा सुन्ने गर्नु राम्रो पक्ष हो', उनले भने, 'आफ्नै दैलोमा जनप्रतिनिधिबाट सम्मानित हुन पाउनु एउटा सुखद अवसर हो ।' वडा कार्यालयले वृद्धवृद्धालाई ख्याल गर्दै वर्षैपिच्छे फरक कामलाई निरन्तरता दिँदै जानुपर्ने उनले सुझाव दिए । *-रासस*

# तानसेनमा विपद्...

...खोचमा फसेका व्यक्तिलाई छिटो भन्दा छिटो उद्दार गर्न भिरालो भागमा समेत डोरीको माध्यमबाट छिटो उद्दार गरिएको अवस्था सर्वसाधारणलाई देखाइएको थियो । प्रर्दशनमा उद्दारमा खटिएका सुरक्षाकर्मीहरु मध्ये केही रसीको सहायताबाट घटना स्थलसम्म पुग्ने र घाइतेको उद्दार गरी प्राथमिक उपचार स्थलसम्म ल्याई एम्बुलेन्स मार्फत अस्पताल पुऱ्याउने व्यवस्था गरिएको थियो । अर्को तर्फ डोरीको माध्यमबाट एक स्थानबाट अर्को स्थानमा झुण्डाएर घाइतेलाई एक्लै वा उद्दारकर्तासँग सँगै पठाएर खोच तथा पहाडमा फसेका व्यक्तिहरुलाई उद्दार गरिएको थियो । यो प्रक्रियाबाट खोच तथा भिरमा फसेका व्यक्तिलाई घटना स्थलको अवस्था हेरिकन तल माथि दुवै तर्फ घाइतेलाई उद्दार गर्न सकिने गरी प्रदर्शनमा देखाइएको थियो । बाढी पहिरोमा फसेका व्यक्ति, सडक दुर्घटनामा परी अफठ्यारो भिरमा फसेका व्यक्ति, घाँस दाउरा गर्न जादा भिरमा अड्किएका व्यक्तिहरुको सुरक्षित उद्दार कसरी गर्ने भन्ने अभ्यास उक्त क्षेत्रमा गरिएको थियो । घटनाबाट प्रभावितलाई खोजतलास तथा उद्दार कार्यलाई छिटो छरितो र प्रभावकारी ढंगले अघि बढाउन सघाउ पुऱ्याउने उद्देश्यले 'हातेमालो अभ्यास' गरिएको दि फेमस महेन्द्र दल गणका गणपति बालमुकुन्ददेव विष्टले बताए । संयुक्त अभ्यासले उद्दारमा खटिएका सुरक्षाकर्मीको मनोबलवल उच्च हुनुका साथै सामुहिक उद्दार कार्यमा खटिदा कार्य क्षमतामा अभिवृद्धि हुनुको साथै व्यवहारिक ज्ञान समेत हासिल हुने अभ्यासमा सहभागी नेपाल रेडक्रसका सोसाइटीका कार्यकारी निर्देशक विनोद भारतीले बताए । अभ्यासमा पुगेका प्रमुख जिल्ला अधिकृत बन्धुप्रसाद बास्तोलाले जुनसुकै बेला पनि प्राकृतिक विपद् आउन सक्ने हुँदा त्यसको उद्दारका लागि सुरक्षा निकाय जतिबेला पनि तयार रहनुपर्ने बताए । उनले जिल्लामा आइपर्ने विपद्का समयमा समाधानको लागि जिल्ला विपद व्यवस्थापन समिति पूर्णरुपमा तयार रहेको समेत बताए ।

## खेलकुद समाचार

# सन्दीप र दीपेन्द्रले इमर्जिङ टिम्स एसिया कप नखेल्ने



**काठमाडौं,** असार २२/लेग स्पीनर सन्दीप लामिछाने र अलराउन्डर दीपेन्द्रसिंह ऐरीले श्रीलंकामा हुने एसीसी इमर्जिङ टिम्स एसिया कप नखेल्ने भएका छन् । ग्लोबल टी–२० लिग खेल्न क्यानडा जाने भएकोले सन्दीप र दीपेन्द्र यस पटक इमर्जिङ टिम्स एसिया कपमा हुने छैनन् ।

जिम्बाव्वेमा क्रिकेट विश्वकप छनोट खेलेर स्वदेश फर्किएपछि कप्तान रोहितले दुई खेलाडी इमर्जिङ कप नखेल्ने बताएका हुन् । रोहितले अरु खेलाडीलाई अवसर दिने बताए । इमर्जिङ टिम्स एसिया कप जुलाई १३ देखि २३ सम्म श्रीलंकामा हुँदैछ । ग्लोबल टी–२० क्यानडा लिग जुलाई २० देखि अगष्ट ६ सम्म हुनेछ । जसमा नेपालबाट सन्दीप र दीपेन्द्र छनोट भएका छन् । पहिलो पटक विदेशी लिगका लागि छनोट भएका दीपेन्द्रलाई मोन्ट्रेल टाइगर्सले ड्राफ्टमार्फत अनुबन्ध गरेको हो । यसअघि दुई पटक क्यानडामा लिग खेलिसकेका सन्दीप यस पटक सर्रे जागुअरमा अनुबन्ध भएका छन् । इमर्जिङ टिम्स एसिया कप पाँच टेष्ट राष्ट्रसँगै एसीसी प्रिमियर कपको शीर्ष तीन टोली नेपाल, यूएई र ओमानले खेल्नेछन् ।

नेपाल प्रिमियर कपको विजेता बनेको थियो । इर्जिङ कपमा नेपाल रहेको समूह बी मा पाकिस्तान ए, भारत ए र यूएई छन् । श्रीलंका ए, बंगलादेश ए, अफगानिस्तान ए र ओमान समूह ए मा छन् । नेपालले पहिलो खेल जुलाई १४ मा पाकिस्तान ए सँग खेल्नेछ । नेपालले दोस्रो खेल जुलाई १७ मा भारत ए सँग र तेस्रो खेल जुलाई १९ मा युएईसँग खेल्नेछ । नेपालले इमर्जिङ टिम्सको लागि छिटै टोली घोषणा गर्ने क्यानले जनाएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# शनिबार पनि बैंक खुल्ने




**पाल्पा,** असार २२/सार्वजनिक बिदाको दिन शनिबार पनि बैंक तथा वित्तीय संस्थाहरु खुल्ने भएका छन् । चालु आर्थिक वर्ष सकिने बेलामा राजस्व भुक्तानी, चेक क्लियरिङ तथा विद्युतीय रकम ट्रान्सफरका लागि बढी चाप पर्ने भएकाले शनिबार पनि बैंकहरुले सेवा दिने भएका हुन् ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई असार २३ र ३० गते शनिबारका दिन सेवा बन्द नगर्न परिपत्र गरेको छ । चालु आर्थिक वर्ष सकिने बेलामा कामको बढी चाप पर्ने भएकाले शनिबार पनि सेवा उपलब्ध गराउन राष्ट्र बैंकले परिपत्र गरेको हो । राष्ट्र बैंकले अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको अनुरोधपछि शुक्रबार एक सूचना जारी गर्दै शनिबारको दिन पनि सेवा दिन सबैं बैंक तथा वित्तिय संस्थाहरुलाई निर्देशन दिएको छ ।

उसले असार २३ र ३० गते बिदाका दिन राति ८ बजेसम्म र असार ३१ गते बेलुका ७ बजेसम्म राजस्व कारोबार गर्ने सम्पूर्ण बैंक, चेक क्लियरिङ एवम् विद्युतीय ट्रान्सफरको फन्ड सेटलमेन्ट गर्ने अन्य बैंक तथा वित्तीय संस्था साथै नेपाल क्लियरिङ हाउस खुला राखी राजस्व बुझ्ने व्यवस्था गर्न बैंकहरुलाई भनेको हो । राष्ट्र बैंकले यस अघि पनि कामको चाप हुने भएमा बैंकहरुलाई बिदाको दिन पनि सेवा दिन निर्देशन दिने गर्दथ्यो ।

# पाल्पामा सुरू भयो...

...पाल्पामा २०७५ साल देखि यातायात व्यवस्था सेवा कार्यालय सञ्चालन भएपछि सवारी चालक अनुमतिपत्र नविकरण, सवारीसाधन नविकरण, सवारी साधनको जाँचपास, पञ्जिकरणको काम, पटके सेवा सञ्चालन हुँदै आएको थियो । कार्यालय जेठ ४ गतेदेखि लाइसेन्स नविकरणको सेवा समेत दिइरहेको छ । जिल्लाबाटै लाइसेन्स दिने र नविकरणको सेवा सुरु भएसँगै सेवाग्राहीलाई सहज भएको छ । लाइसेन्सको सम्पूर्ण कामका लागि बुटवल, पोखरा जानुपर्ने बाध्यता हटेको भन्दै सवारी चालकहरु समेत उत्साहित भएका छन् ।

यातायात व्यवस्था सेवा कार्यालयले तानसेन नगरपालिका ७, ठाँटी क्षेत्रमा ट्रायल सेन्टर निर्माण गरेको छ । सेन्टरको २०७८ चैतमा लुम्बिनी प्रदेश श्रम, रोजगार तथा यातायात व्यवस्थामन्त्री पुर्मती ढेंगाले शिलान्यास गरेकी थिइन् । ट्रायल सेन्टरबाट पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीका बासिन्दा लाभान्वित हुनेछन् ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५–५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.प्र.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई